# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, सुर्खेत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुर्खेत

२०८२ जेष्ठ

जिल्ला विपद् व्यवस्थापन समितिबाट पारीत मितिः२०८२/०२/२६

सुर्खेत जिल्ला भित्रिमधेश, चुरे र पहाडी क्षेत्र भएको जिल्ला हो। कर्णाली र भेरी नदीले यस जिल्लाको धेरै भूभाग समेटेको छ। वर्षायाममा नदीको किनाराका वस्ती जोखिममा रहन्छन। पहाडी भूगोल भएका गाँउहरु अधिक वर्षामा पहिरोको उच्च जोखिममा रहन्छन। यस जिल्लामा बसोबास गर्ने गरिव समुदायका कम्जोर आवास घरहरु अधिक वर्षामा भत्कने जोखिम बढी हुन्छ।सडक निर्माणमा बढ्दो अव्यवस्थित डोजर प्रयोगले भूबनोटलाई जोखिमयुक्त बनाउदा चालु अवस्थामा रहेका सडकहरु अधिक वर्षामा भत्कने पहिरो जाने जोखिम रहन्छ। समयमै त्यस्ता क्षति भएका सडक मर्मत सम्भार गर्न सकिएन भने जनजीवन प्रभावित हुन्छ।विपद्बाट जनधन को क्षती भएका परिवारलाई समयमै उद्दार, राहत र पुनस्थापना गर्नु राज्यको दायित्व हो।विपद्बाट बढी क्षती हुन नदिन पूर्व सजगता र पूर्व तयारी गर्नु आवश्यक हुन्छ।

यस बर्ष जल तथा मौसम विज्ञान विभागले गरेको प्रक्षपण अनुसार जेठ १८ देखी असोज १४ सम्म मनसुन सक्रिय रहनेछ। यस बर्ष कर्णाली प्रदेशको पूर्वी भू-भागमा ५५% देखी ६५% सम्म अधिक वर्षा हुने सम्भावना रहेको छ। कर्णाली प्रदेशको उत्तरी भू-भागमा सरदर भन्दा ५५% देखी ६५% सम्म तापक्रम बढ्ने अनुमान गरिएको छ। कर्णाली प्रदेशको उत्तर र पूर्वी क्षेत्रमा सामान्य भन्दा बढी वर्षा हुने सम्भावना उच्च रहेको आकलन गरिएको छ। यस वर्ष अधिक वर्षा भएमा सुर्खेत जिल्लामा १८,३१५ जना विपद्बाट प्रभावित हुने अनुमान गरिएको छ।

अधिक वर्षा हुँदा सुर्खेत जिल्लाका राकम, पोखरे, मेहेलकुना, दहचौर, लेखफर्सा, रानीघाट, कुइने, जामु लगाएतमा भेरीनदि किनाराका वस्तीहरु वाढीको जोखिममा रहन्छन। त्यसैगरी कर्णाली नदिले चौकुने गाउँपालिका बोला, घाटगाउँ लगाएतका वस्तीमा क्षती पुर्‍याउने जोखिम रहन्छ।

सुर्खेत भएर बग्ने खनेटा, सिम्ता, बेतेनी, तुसारे, राते, गमखोला, चिङ्गाड, झुप्रा, नेवारे, ईत्राम, खोर्के, सोतखोला, विउरेनी, विद्यापुर, गुटु, लगाम लगायतका खोलाहरुको आसपासका वस्तीहरु अधिक वर्षामा जोखिममा रहन्छन। वीरेन्द्रनगर उपत्यका अधिक वर्षाको समयमा निकास खोलाको साँघुरो निकासको कारण डुवानमा पर्ने जोखिम रहन्छ। सुर्खेतका जुकैघोरेटा, काफलकोट, खानीखोला, काप्रिचौर, नेटा, रजेना, रानीबास, मटेला, अवलचिङ्ग, पाम्का, गर्पन, रतु, गढी, पोखरीकाँडा, साल्कोट, छाप्रे, पुच्मा, धनरास लगायतका गाउँहरु अधिक वर्षामा पहिरोको जोखिममा रहन्छन।

जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, सुर्खेत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुर्खेत

२०८२ जेष्ठ

जिल्ला विपद् व्यवस्थापन समितिबाट पारीत मितिः२०८२/०२/२६

सुर्खेत-कोहलपुर, सुर्खेत-दैलेख, सुर्खेत-लगाम, छिन्चु-जाजरकोट रणनीतिक सडकहरु अधिक वर्षामा पहिरो तथा रुख ढली अवरोध हुने जोखिम रहन्छ। जिल्लाका नौ वटा स्थानीयतहहरुले निर्माण तथा मर्मत सम्भार गरेका भित्रि सडकहरु वर्षायाममा प्रायः नचल्ने, सवारी दुर्घटना हुने, पहिरो जाने, नागरिकका जग्गा जमिनसमेत पुर्ने गरी पहिरो जाने जोखिम रहन्छ।

अधिक वर्षामा खानेपानीका मुहान, टङ्की, पाइपलाईनमा क्षती भई नियमित खानेपानी आपूर्तिमा प्रदुषण र अवरोध हुने जोखिम रहन्छ।

सुर्खेत जिल्लामा २०७१ साल श्रावण २८ र २९ गते परेको अविरल वर्षाको कारणले १० खर्व वढी सरकारी र नीजि सम्पत्ति क्षती र ११५ जना मानिसको मृत्यु भएको दुखद खटना घटेको थियो। त्यस पश्चात वर्षायाममा ठूलो घटना नभएता पनि सानो संख्याका घटनाहरु हुने प्रवृत्ति देखिन्छ।

यस वर्ष अधिक वर्षा हुने अनुमान गरिएकोले सुर्खेत जिल्लामा विपद्को ठूलो घटना र क्षती हुन नदिन र भइहालेमा प्रभावकारी प्रतिकार्य एवंम् पुनस्थापना गर्न सम्बन्धित निकाय तयारी अवस्थामा रहनु पर्ने देखिएकोले देहायको कार्य योजना प्रस्तुत गरिएको छ।

<u>देहायः</u>

| क्र.सं. | क्रियाकलाप | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय सारिणी | अपेक्षित उपलब्धि | सूचक | कै. |
|---|---|---|---|---|---|---|---|
| बन्दोवस्ती/खोज तथा उद्दार विषयगत क्षेत्र (Logistics Cluster) - नेतृत्वः जिल्ला प्रशासन कार्यालय, सुर्खेत | | | | | | | |
| ०१ | विपद् प्रतिकार्यका सामग्रीहरुको विवरण DRR प्रोटलमा इन्ट्रि गर्ने, विद्युतीय अभिलेखलाई अध्याविधिक गर्ने | जिल्ला प्रशासन कार्यालय र स्थानीय तहहरु | सुरक्षा निकाय, विकास साझेदारहरु | २०८२ असार १५ | उद्दारका सामग्री रहेको निकाय सिघ्र पहिचान भई तत्काल उद्दार गर्न सहयोग पुग्ने | DRR प्रोटलमा इन्ट्री भएको सामग्री संख्या | |
| ०२ | मनसुनको समयमा तत्काल खोज तथा उद्धारका लागि QRT/IRT तयारी अवस्थामा राख्ने | सवै सुरक्षा निकाय | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तह सबै | निरन्तर | मनसुनको समयमा तत्काल खोज तथा उद्धारका लागि QRT/IRT तयारी अवस्थामा रहेको हुने | QRT/IRT का लागि खटिने जनशक्तिको विवरण | |
| ०३ | खोज, उद्दार सामग्रीको भण्डारण गर्ने | सवै सुरक्षा निकाय र स्थानीय तह | सवै विकास साझेदारहरु | निरन्तर | खोज, उद्दार सामग्रीको भण्डारण भएको हुने | उपलब्ध सामग्रीहरुको विवरण | |

जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, सुर्खेत

२०८२ जेष्ठ

जिल्ला विपद् व्यवस्थापन समितिबाट पारीत मितिः२०८२/०२/२६

| क.सं. | क्रियाकलाप | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय सारिणी | अपेक्षित उपलब्धि | सूचक | कै. |
|---|---|---|---|---|---|---|---|
| ०४ | मनसुनजन्य विपद्को कारण प्रभावितका लागि लगत सहितको आवश्यक सामग्री भण्डारण गर्ने/सामग्रीको उपलब्धता सुनिश्चितता गर्ने | स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय तहहरु सबै, उद्योग बाणिज्य संघ, राष्ट्रिय/अन्तर्राष्ट्रिय विकास साझेदारहरु | एक महिना भित्र, तत्पश्चात निरन्तर | मनसुनजन्य विपद्को कारण प्रभावितका लागि लगत सहितको आवश्यक सामग्री भण्डारण भएको हुने/सामग्रीको उपलब्धता सुनिश्चितता भएको हुने | मौज्दात र तत्काल ब्यवस्था गर्न सकिने पालिकागत सामग्रो विवरण | |
| ०५ | विपद् प्रतिकार्यका लागि हेलिकप्टर समन्वय, सवारी साधन तयारी अवस्थामा राख्ने | जिल्ला प्रशासन कार्यालय, | नेपाली सेना, जनस्वास्थ्य कार्यालय, यातायात व्यवसायी | आवश्यकता अनुसार | विपद्को समयमा तत्काल सवारी साधन उपलब्धता | उपलब्ध साधनहरुको विवरण | |
| **शीघ्र पुनर्लाभ विषयगत क्षेत्र (Early Recovery Cluster) – नेतृत्वः जिल्ला प्रशासन कार्यालय** | | | | | | | |
| ०६ | मनसुनको कारण बढी प्रभावित हुने स्थानको नक्शाङ्कन गर्ने | स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति तथा जिल्लास्थित सुरक्षा निकाय सबै, यस क्षेत्रमा कार्य गर्ने गैसस | २०८२ जेष्ठ मसान्त भित्र | नक्शाङ्कन भएको हुने | नक्शांकन प्रतिवेदन | |
| ०७ | प्रत्येक वडाबाट २५ जना युवाहरुलाई विपद् प्रतिकार्य स्वयमसेवक तालिम सञ्चालन गर्ने | सशस्त्र प्रहरी वल नेपाल, नं. ३२ गण हे.क्वा, रक्तकाली, सुर्खेत | स्थानीयतह, नेपाल प्रहरी, नेपाल रेडक्रस सोसाइटी | २०८२ असार | तालिम प्राप्त स्वयमसेवकबाट विपद्को समयमा तत्काल उद्दारमा सहयोग पुग्ने | तालिम प्राप्त संख्या | |
| ०८ | जोखिमयुक्त स्थानमा रहेका व्यक्तिलाई पहिचान गरी सुरक्षित स्थानमा रहन अनुरोध गर्ने | स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति तथा जिल्लास्थित सुरक्षा निकाय सबै, स्थानीय तहहरु सबै | निरन्तर | जोखिमयुक्त स्थानमा रहेका व्यक्तिलाई पहिचान गरी सुरक्षित स्थानमा रहन प्रचार प्रसार गरिएको हुने | जनचेतना सन्देश | |
| ०९ | मनसुनजन्य विपद्का सम्भावित प्रभावित व्यक्ति तथा समुदायलाई सुसूचित गर्न पूर्वसूचना प्रणाली सम्वन्धमा समन्वय गर्ने | स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस सबै | निरन्तर | मनसुनजन्य विपद्का सम्भावित प्रभावित व्यक्ति तथा समुदायलाई सुसूचित गर्न विपद पुर्व सूचना प्रणालीबाट सूचना संप्रेषण भएको हुने | विकसित पुर्व सुचना प्रणाली | |

जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, सुर्खेत

२०८२ जेष्ठ

जिल्ला विपद् व्यवस्थापन समितिबाट पारीत मितिः२०८२/०२/२६

| क्र.सं. | क्रियाकलाप | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय सारिणी | अपेक्षित उपलब्धि | सूचक | कै. |
|---|---|---|---|---|---|---|---|
| १० | मनसुनजन्य विपद्बाट सुरक्षित रहन सचेतनामूलक सूचना एवम् जानकारी स्थानीय सञ्चार माध्यममार्फत प्रशारण गर्ने | स्थानीय तह | स्थानीय सञ्चार माध्यम | निरन्तर | सचेतनामूलक सूचना एवम् जानकारी स्थानीय सञ्चार माध्यममार्फत प्रशारण भएको हुने | प्रकाशन तथा प्रशारण भएको सन्देश | |
| ११ | मनसुनबाट प्रभावितहरुको खोज, उद्धार तथा राहतको लागि जनशक्तिको तयारी गर्ने | जिल्ला विपद व्यवस्थापन समिति र स्थानीय विपद व्यवस्थापन समिति | सबै सुरक्षा निकाय स्थानीय तहहरु सबै रेडक्रस तथा विकास साझेदारहरु | निरन्तर | मनसुनबाट प्रभावितहरुको खोज, उद्धार तथा राहतको लागि जनशक्तिको तयारी गरिएको हुने | सम्पर्क नम्वर सहितको जनशक्ति विवरण | |
| १२ | मनसुनको समयमा समन्वयको कार्य प्रभावकारी बनाउने | जिल्ला प्रशासन कार्यालय | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्लास्थित सबै सुरक्षा निकाय र सबै स्थानीय तहहरु | निरन्तर | मनसुनको समयमा समन्वयको कार्य प्रभावकारी भएको हुने | विपद व्यवस्थापन cluster , सुरक्षा निकाय तथा स्थानीय तहका विपद फोकल पर्सनको सम्पर्क नं. सहितको विवरण | |
| १३ | विपद् व्यवस्थापन कोषमा रकमको उपलब्धता कायम गर्ने | जिल्ला प्रशासन कार्यालय | गृह मन्त्रालय | निरन्तर | विपद् व्यवस्थापन कोषमा रकमको उपलब्धता कायम भएको हुने | विपद् व्यवस्थापन कोषमा हाल मौज्दात रहेको विवरण | |
| १४ | सम्पर्क व्यक्ति/निकाय तोक्ने | सबै कार्यालय | गैससहरु, जिल्लास्थित सुरक्षा निकाय सबै र स्थानीय तहहरु सबै | जेठ मसान्त भित्र | सम्पर्क व्यक्ति/निकाय तोकिएको हुने | सम्पर्क व्यक्तिको विवरण | |
| १५ | विपद्को समयमा सूचना संयन्त्रलाई प्रभावकारी बनाउने | PEOC/DEOC /LEOC | सुरक्षा निकाय सबै, स्थानीय तह सबै, नेपाल टेलिकम | निरन्तर | विपद्को समयमा सूचना संयन्त्र प्रभावकारी भएको हुने | सञ्चार तथा वैकल्पिक सञ्चार पद्दतीको विवरण | |
| १६ | मनसुनजन्य कारणबाट सडक तथा राजमार्ग अवरुद्ध भएमा खुलाउने | सडक सम्वन्धि कार्यालयहरु | जिल्ला विपद् व्यवस्थापन समिति, सम्वन्धित कार्यालय, जिल्लास्थित सुरक्षा निकाय सबै स्थानीय तह | निरन्तर | मनसुनजन्य कारणबाट सडक तथा राजमार्ग अवरुद्ध भएमा खुलाइएको हुने | अवरुद्द सडक खुलाउनु पर्दा काम गर्ने दायित्व भएका संस्थाको जिम्मेवारी र हेभी इक्विपमेन्ट रहने स्थानको विवरण र जिम्मेवारी | |
| १७ | मनसुनजन्य विपद्को अवस्था आइलागेमा खोज, उद्धार, राहत, | जिल्ला विपद व्यवस्थापन समिति | जिल्लास्थित राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस सबै | निरन्तर | मनसुनजन्य विपद्को अवस्था आइलागेमा खोज, उद्धार, राहत, | सहयोग आह्वान गरिएको विवरण | |



जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, सुर्खेत

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सुर्खेत

२०८२ जेष्ठ

जिल्ला विपद् व्यवस्थापन समितिबाट पारीत मितिः२०८२/०२/२६

| क.सं. | क्रियाकलाप | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय सारिणी | अपेक्षित उपलब्धि | सूचक | कै. |
|---|---|---|---|---|---|---|---|
| | पुनर्स्थापना एवम् पुनर्निर्माणका लागि सहयोग आह्वान गर्ने | | | | पुनर्स्थापना एवम् पुनर्निर्माणका लागि सहयोग आह्वान भएको हुने | | |
| १८ | मनसुन पूर्वतयारी एवम् प्रतिकार्य सम्बन्धी निर्णयहरु र सबै घटनाहरुको दैनिक प्रगति विवरण गृह मन्त्रालयमा अध्यावधिक गर्ने | जिल्ला प्रशासन कार्यालय | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्लास्थित सुरक्षा निकाय सबै, स्थानीय तहहरु सबै, राष्ट्रिय/अन्तर्राष्ट्रिय गैसस सबै | निरन्तर | मनसुन पूर्वतयारी एवम् प्रतिकार्य सम्बन्धी निर्णयहरु र सबै घटनाहरुको दैनिक प्रगति विवरण गृह मन्त्रालयमा अध्यावधिक गरिएको हुने | दैनिक प्रगति विवरण | |
| **स्वास्थ्य तथा पोषण विषयगत क्षेत्र (Health and Nutrition Cluster) – नेतृत्वः जनस्वास्थ्य सेवा कार्यालय,** | | | | | | | |
| १९ | विपदको समयमा महामारी नियन्त्रण गर्ने | जिल्ला जनस्वास्थ्य कार्यालय, स्थानीय तह. | जिल्ला विपद व्यवस्थापन समिति/ जिल्लास्थित सवै विकास साझेदारहरु, स्थानीयतह, अस्पताल | विपदको समयमा | महामारी नियन्त्रण भएको हुने | महामारी नियन्त्रण जिम्मेवारी कार्ययोजना | |
| २० | विषयगत क्षेत्रका जनशक्ति बिच समन्वय बैठक र क्षमता अभिवृद्धि तालिम सञ्चालन | जनस्वास्थ्य सेवा कार्यालय | स्थानीयतह, अस्पताल, विकास साझेदारहरु | निरन्तर | प्रशिक्षित जनशक्तिबाट गुणस्तरीय कार्यसम्पादन | तालिम प्राप्त जनशक्ति | |
| २१ | रोग संक्रमण निगरानी तथा महामारी प्रकोप फैलन सक्ने क्षेत्रको पहिचान र प्राथमिकिकरण | जनस्वास्थ्य सेवा कार्यालय, स्थानीयतह | नागरिक समाज, विकास साझेदारहरु, आमसञ्चार | निरन्तर | महामारीको समयमै नियन्त्रण | पहिचान गरिएका क्षेत्र संख्या | |
| २२ | रणनीतिक स्थानहरुमा आकस्मिक औषधी तथा औषधिजन्य सामग्रिहरुको भण्डारण गर्ने | जनस्वास्थ्य सेवा कार्यालय, स्थानीयतह, स्वास्थ्य संस्था | सामाजिक विकास मन्त्रालय, विकास साझेदारहरु, स्थानीयतह | निरन्तर | विपद्को समयमा अत्यावश्यक औषधि तथा औषधिजन्य सामग्रिको अभाव हुन नदिने | भण्डारण गरिएको परिमाण | |
| २३ | कुपोषण व्यवस्थापन सम्बन्धी सामग्री खरिद तथा व्यवस्थापन | जनस्वास्थ्य सेवा कार्यालय, स्थानीयतह | सामाजिक विकास मन्त्रालय, विकास साझेदारहरु, स्थानीयतह | असार मसान्त | विपद्को समयमा कुपोषण हुन नदिने | भण्डारण गरिएको परिमाण | |



जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, सुर्खेत

२०८२ जेष्ठ

जिल्ला विपद् व्यवस्थापन समितिबाट पारीत मितिः२०८२/०२/२६

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सुर्खेत

| क्र.सं. | क्रियाकलाप | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय सारिणी | अपेक्षित उपलब्धि | सूचक | कै. |
|---|---|---|---|---|---|---|---|
| **खानेपानी, सरसफाई तथा स्वच्छता प्रवर्द्धन (Wash Cluster) – नेतृत्वः खानेपानी तथा ढल व्यवस्थापन आयोजना,** | | | | | | | |
| २४ | विपद्को समयमा सुरक्षित खानेपानी र **सरसफाइको** व्यवस्था गर्ने | खानेपानी कार्यालय,जिल्ला जनश्वास्थ्य कार्यालय स्थानीय तह | जिल्ला विपद व्यवस्थापन समिति/ जिल्लास्थित सवै गैसस | विपदको समयमा | सुरक्षित खानेपानीको व्यवस्था भएको हुने | सुरक्षित खानेपानी व्यवस्था को विवरण | |
| २५ | विपदको समयमा खानेपानी उपलब्धता र सुद्दिकरणको व्यवस्था मिलाउने | खानेपानी तथा ढल व्यवस्थापन आयोजना, स्थानीय तह, सुर्खेत उपत्यका खानेपानी संस्था | गैसस, खानेपानी उपभोक्ता संस्था | निरन्तर | सुद्द खानेपानीको व्यवस्था हुने | भरपर्दो पूर्व तयारी | |
| २६ | सडक नाली तथा थुनिएका कलभर्टहरु सफा गरी सहज रुपमा पानी निकास हुने गराउने | स्थानीयतहहरु | खानेपानी तथा ढल व्यवस्थापन आयोजना | असारको पहिलो हसा | डुवान घट्ने, नालिको फोहोर हट्ने | सफा गरिएका नाली र कलभर्ट संख्या | |
| **आपतकालीन आश्रय स्थल विषयगत क्षेत्र (Emergency Seltor Cluster) – नेतृत्वः संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय,** | | | | | | | |
| २७ | विपद् प्रभावितका लागि आश्रयस्थल तथा खुला क्षेत्रको विवरण अध्यावधिक गर्ने | स्थानीय तह | जिल्ला विपद् व्यवस्थापन समिति तथा जिल्लास्थित सुरक्षा निकाय सबै | एक महिना भित्र, तत्पश्चात निरन्तर | विपद् प्रभावितका लागि आश्रयस्थल तथा खुला क्षेत्रको विवरण अध्यावधिक भएको हुने | आश्रयस्थल तथा खुला क्षेत्रको विवरण | |
| २८ | विपद् प्रभावित क्षेत्रहरुमा आवासका लागि गैर खाद्य (NFI) र Emergency Life Saving Kits हरु संकलन, अभिलेख र भण्डारण | संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय | नेपाल सरकार, कर्णाली प्रदेश सरकार, स्थानीयततह, गैसस, प्रदेश गोदाम घर | विपद् पश्चात तुरुन्तै | विपद्को समयमा आवश्यक पर्ने सामग्री व्यवस्था भएको हुने | DRR प्रोर्टलमा सामग्री इन्ट्रि संख्या र जिन्सी अभिलेख | |
| २९ | विपद् प्रभावित क्षेत्रहरुमा आवासका लागि गैर खाद्य (NFI) र Emergency Life Saving Kits राहत वितरण गर्ने | संघीय सहरी विकास तथा भवन निर्माण कार्यालय | स्थानीयततह, गैसस | विपद् पश्चात तुरुन्तै | विपद्को समयमा मानवीय जीवन रक्षा हुने | वितरित राहत सामग्री | |



जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, सुर्खेत

२०८२ जेष्ठ

जिल्ला विपद् व्यवस्थापन समितिबाट पारीत मितिः२०८२/०२/२६

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सुर्खेत

| क.सं. | क्रियाकलाप | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय सारिणी | अपेक्षित उपलब्धि | सूचक | कै. |
|---|---|---|---|---|---|---|---|
| **खाद्य सुरक्षा विषयगत क्षेत्र (Food Security Cluster) – नेतृत्वः कृषि विकास निर्देशनालय,** | | | | | | | |
| ३० | विपद् जोखिममा रही विस्थापित हुन सक्ने जनसंख्यालाई मध्यनजर गरी खाद्यान्न उपलब्धता गराउने | कृषि विकास निर्देशनालय | नेपाल सरकार, कर्णाली प्रदेश सरकार, स्थानीयतह, गैसस, दातृ निकाय | विपद् पश्चात तुरुन्तै | विपदको समयमा खाद्यान्नबाट वन्चित हुन नपर्ने सुनिश्चितता | ब्यवस्थापन गरिएको खाद्यान्न | |
| ३१ | घाइते पशुपंक्षीको उपचार गर्ने | पशु सेवा निर्देशनालय | पशु स्वास्थ्य उपचार केन्द्र | तत्कालै | कृषकहरुको पशुधन क्षती न्यूनिकरण हुने | उपचार गरिएका पशुपंक्षी | |
| **संरक्षण विषयगत क्षेत्र (Protection Cluster) – नेतृत्वः जिल्ला प्रशासन कार्यालय** | | | | | | | |
| ३२ | प्रकोपका कारण अलग भएका वालवालिकाहरु र परिवारहरुको पहिचान, ट्रेसिङ र पुनर्मिलन संयन्त्र लागु गर्ने | स्थानीयतह, नेपाल प्रहरी रेडक्रस | सामाजिक विकास मन्त्रालय | तत्कालै | वालवालिकाको संरक्षण हुने | संरक्षण गरिएका वालवालिका संख्या | |
| ३३ | विपद्को समयमा महिला, सुत्केरी महिला, विरामी, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, सहयोगापेक्षी मानवहरुलाई विपद्को समयमा खाद्य, गैरखाद्य सामग्री उपलब्धतामा समतामूलक न्याय कायम गरी मानवीय मर्यादा वचाउने | स्थानीयतह, नेपाल प्रहरी | सामाजिक विकास मन्त्रालय | तत्कालै | सहयोगापेक्षी मानवहरुको संरक्षण हुने | संरक्षण गरिएका मानवहरुको संख्या | |
| **शिक्षा विषयगत क्षेत्र (Education Cluster) – नेतृत्वः शिक्षा विकास तथा समन्वय इकाई** | | | | | | | |
| ३४ | विपद्को समयमा समुदाय, स्थानीय तह, जिल्ला प्रदेश र संघ स्तरमा विपद्को सूचना समयमानै आदान प्रदान गरी प्रभावकारी सञ्चार प्रणाली स्थापना गर्ने | शिक्षा विकास तथा समन्वय इकाई | स्थानीयतह, नेपाल प्रहरी | तुरुन्तै | अवस्था पहिचान भई अन्तरनिकाय समन्वय हुने | विकसित प्रणाली | |

जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी

# मनसुन पूर्वतयारी तथा प्रतिकार्य कार्ययोजना, सुर्खेत

२०८२ जेष्ठ

जिल्ला विपद् व्यवस्थापन समितिबाट पारीत मिति:२०८२/०२/२६

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय सुर्खेत

| क्र.सं. | क्रियाकलाप | कार्यान्वयन गर्ने निकाय | सहयोगी निकाय | समय सारिणी | अपेक्षित उपलब्धि | सूचक | कै. |
|---|---|---|---|---|---|---|---|
| ३५ | विपद्को समयमा नियमित शिक्षा, बैकल्पिक शिक्षा र अनलाइनमा आधारित शिक्षाको प्रवन्ध गर्ने | शिक्षा विकास तथा समन्वय इकाई | स्थानीयतह | एक महिनाभित्र | वालवालिका पढाइबाट बञ्चित नहुने | प्रवन्धको योजना | |
| आपतकालिन सञ्चार (Emergency Communication Cluster) – नेतृत्वः जिल्ला प्रशासन कार्यालय | | | | | | | |
| ३६ | विपद्को समयमा नियमित सञ्चारमा हुन सक्ने अवरोध घटाउन बैकल्पिक सञ्चारको व्यवस्थापन | नेपाल टेलिकम | नेपाल प्रहरी | तुरुन्तै | सञ्चार अवरुद्द नहुने | वैकल्पिक सञ्चारको प्रवन्ध | |
| ३७ | वाढी पहिरोबाट हुने टावरको क्षतीबाट हुनसक्ने सञ्चार अबरुद्द तत्काल खुलाउने | नेपाल टेलिकम | स्थानीयतह | १ दिन | सञ्चार अवरुद्द नहुने | मर्मत संख्या | |
| ३८ | मनसुन सक्रिय भए पछि जमिनकमजोर भइ विद्युतका पोल ढल्ने जोखिम हुने हुंदा जोखिमयुक्त पोल र विद्युतीय तारहरुबाट करेन्ट प्रवाह भइ मानबीय क्षति हुन सक्ने अवस्थालाइ न्युनीकरण गर्ने | नेपाल बिद्युत प्राधिकरण | स्थानीय तह नेपाल प्रहरी | तत्काल | विद्युतीय जोखिम घट्ने | मर्मत गरिएको संख्या | |

२०८२/०२/२६

जगदिश्वर उपाध्याय
प्रमुख जिल्ला अधिकारी